# आइसोलेसन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) महामारीका कारण स्वास्थ्य सेवा प्रणालीमा व्यापक प्रभाव परेको सन्दर्भमा यस प्रदेशमा संक्रमितहरुको बढ्दो चापलाई मध्यनजर गर्दै कोभिड-१९ का लक्षणरहित संक्रमितहरुको उपचार तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रदेश भित्रका जिल्ला तथा स्थानीय तहहरुमा नयाँ आइसोलेसन केन्द्र स्थापना गरी सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को अधिकार प्रयोग गरी प्रदेश सरकारले यो मापदण्ड जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "आइसोलेसन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" रहेको छ ।

(२) यो मापदण्ड स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "आइसोलेसन केन्द्र" भन्नाले प्रदेश भित्रका कोभिड-१९ को संक्रमण पुष्टि भएका तर प्रत्यक्ष लक्षण नदेखिएका व्यक्तिहरुको उपचारको लागि जिल्ला तथा स्थानीय तहहरुमा स्थापना गरी सञ्चालन र व्यवस्थापन गरिने आइसोलेसन केन्द्र सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५, सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

३. <u>उद्देश्यः</u> कोभिड-१९ को संक्रमण पुष्टि भएका तर प्रत्यक्ष लक्षण नदेखिएका व्यक्तिहरुको उपचार तथा व्यवस्थापन सरल, सहज र प्रभावकारी बनाउने यस मापदण्डको उद्देश्य रहेको छ ।

४. <u>आइसोलेसनका प्रकारः</u> प्रदेशमा देहाय बमोजिमका आइसोलेसनहरु रहनेछन्:-

क. जिल्लास्तरीय आइसोलेसन केन्द्र

ख. स्थानीय आइसोलसन केन्द्र

गोपीकृष्ण खनाल

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

ग. सेल्फ आइसोलेसन

**(क) जिल्लास्तरीय आइसोलेसन केन्द्रः** जिल्लास्तरीय आइसोलेसन केन्द्रको सञ्चालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

१. जिल्लास्तरीय आइसोलेसन केन्द्रहरुमा तराईका जिल्लामा कम्तीमा २०० र पहाडी जिल्लाहरुमा कम्तीमा ५० शैया रहनेछन् ।

२. आइसोलेसन केन्द्रमा कोभिड-१९ का संक्रमण पुष्टि भएका तर प्रत्यक्ष लक्षण नदेखिएका व्यक्तिहरुलाई मात्र राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३. जिल्लास्तरीय आइसोलेसन केन्द्र निर्माणको कार्य सम्बन्धित जिल्लास्तरीय कोरोना संकट व्यवस्थापन केन्द्रले गर्नेछ ।

४. जिल्लास्तरीय आइसोलेसन केन्द्रमा रहने संक्रमण पुष्टि भएका तर प्रत्यक्ष लक्षण नदेखिएका व्यक्तिहरुको सेवामा खटिएका स्वास्थ्यकर्मीहरु तथा सरसफाईमा खटिने कर्मचारीको बसोबासको व्यबस्था सम्भव भएसम्म सोही केन्द्रमा गर्नुपर्नेछ र यसको दैनिक लगत अनुसूची १ र २ को ढाँचामा राख्नुपर्नेछ ।

५. जिल्लास्तरीय आइसोलेसन केन्द्रमा रहने संक्रमित व्यक्तिहरुको बन्दोवस्ती एवम् आइसोलेसनमा रहँदाको अवधीको खानाका लागि स्वीकृत जिल्ला दररेट अनुसार आइसोलेसनमा बसेको अवधिसम्मको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई रकम उपलब्ध गराउन सक्नेछ ।

**स्पष्टीकरणः** यस उपखण्डको प्रयोजनका लागि "स्वीकृत जिल्ला दररेट" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ को उपनियम (२) बमोजिमको समितिले निर्धारण गरेको दररेटलाई सम्झनु पर्छ ।

६. आइसोलेसन केन्द्रमा खटिएका स्वास्थ्यकर्मीले सिफारिस गरेको गुणस्तर बमोजिम हुने गरी आइसोलेसन केन्द्रमा रहने संक्रमित व्यक्तिले खाना र खाजाको व्यवस्था आफै गर्न चाहेमा गर्न सक्नेछन।

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

७. आइसोलेसन केन्द्रमा बसोबासको सुविधा पर्याप्त नभएको अवस्थामा जिल्लास्तरीय आइसोलेसन केन्द्रमा उपचारमा प्रत्यक्षरुपमा संलग्न यस मापदण्डमा उल्लेख भएबमोजिमका स्वास्थ्यकर्मीहरु तथा सरसफाइ गर्ने कर्मचारीहरुलाई उपचारमा प्रत्यक्षरुपमा खटिएको अवधिको लागि वास्तविक खर्चको आधारमा खाना र बस्नको लागि बढीमा प्रतिदिन प्रतिव्यक्ति रु. २००० (दुई हजार मात्र) लागतमा नबढ्ने गरी बसोबास र खानाको अलग बन्दोबस्त गर्न सम्बन्धित अस्पताललाई रकम उपलब्ध गराउन सकिनेछ ।

८. जिल्लास्तरीय आइसोलेसन केन्द्रमा दफा ५ र ७ बमोजिम हुने खर्चको विवरण स्वास्थ्य निर्देशनालय मार्फत् सामाजिक विकास मन्त्रालयमा पेश गर्नु पर्नेछ र सामाजिक विकास मन्त्रालयले उक्त रकम कोरोना भाईरस नियन्त्रण तथा उपचार कोषबाट सम्बन्धित जिल्ला प्रसाशन कार्यालयलाई उपलब्ध गराउन सक्नेछ ।

९. संक्रमण पुष्टि भएका तर प्रत्यक्ष लक्षण नदेखिएका व्यक्तीहरुलाई आइसोलेसन केन्द्रमा ल्याउँदा र आवश्यकता अनुसार अन्यत्र प्रेषण गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्डको पालना गरी एम्बुलेन्स मार्फत् आवागमनको व्यवस्था मिलाउनु पर्नेछ ।

१०. हरेक आइसोलेसन केन्द्रलाई हेर्नेगरी सम्बन्धित जिल्लास्तरीय कोरोना संकट व्यवस्थापन केन्द्रले नजिकको सरकारी अस्पताललाई सम्पर्क अस्पतालको रुपमा तोक्नुपर्नेछ र आइसोलेसन केन्द्रको प्राविधिक सुपरीवेक्षणको जिम्मेवारी यसरी तोकिएको सम्पर्क अस्पतालको हुनेछ ।

११. आईसोलेसन केन्द्रमा उपचारमा प्रत्यक्षरुपमा कार्यरत स्वास्थ्यकर्मी र सफाई कर्मचारीले १४ दिन सो केन्द्रमा काम गरेपछि कोभिड परीक्षण गर्नुपर्नेछ र नेगेटिभ देखिएमा स्वास्थ्यकर्मीको सम्पर्कमा रही स्वःव्यवस्थापनमा १० दिन सम्म क्वारेन्टाईनमा बस्नु पर्नेछ ।

१२. आईसोलेसन केन्द्रमा उपचारमा प्रत्यक्षरुपमा कार्यरत स्वास्थ्यकर्मी र सफाई कर्मचारीले सेल्फ क्वारेन्टाइनमा बसेको १० दिनको अबधि पछि निजहरुको परीक्षण गर्दा नतिजा

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

नेगेटिभ आएमा अरू बिदा खर्च नहुने गरी स्वेच्छाले एक हप्ताको लागि बिदामा बस्न पाउनेछन् ।

१३. आइसोलेसन केन्द्रमा रहेका संक्रमण पुष्टि भएका तर प्रत्यक्ष लक्षण तथा चिन्हहरू नभएका व्यक्तिहरुलाई घरमै आइसोलेसन बस्न सक्ने सम्भव भएमा नेपाल सरकारबाट जारी गरिएको कोभिड-१९ केशको आइसोलेसन व्यवस्थापन सम्बन्धी निर्देशिका २०७७ को दफा २.२ मा उल्लेखित घरमा आइसोलेसन राख्ने सम्बन्धमा भएका प्रक्रियाको अवलम्वन गरी संक्रमितलाई निजको आफ्नै निवासमा स्वास्थ्य कर्मीको सिफारिशमा सेल्फ आइसोलेसनमा पठाउन सकिनेछ।

**(ख) स्थानीय आइसोलेसन केन्द्रः** स्थानीय आइसोलेसन केन्द्रको सञ्चालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछ।

१. स्थानीय तहले आइसोलेसन केन्द्र स्थापना गर्दा सम्बन्धित जिल्लास्तरीय कोरोना संकट व्यवस्थापन केन्द्रको सहमती लिनुपर्नेछ ।

२. स्थानीय तहमा रहने आइसोलेसन केन्द्रको स्थापना, सञ्चालन, व्यवस्थापन स्थानीय तहले गर्नेछ र सोको लागि लाग्ने सम्पूर्ण खर्च सम्बन्धित स्थानीय तहले व्यहोर्ने छ ।

३. स्थानीय तह अन्तर्गतको आइसोलेसन केन्द्र रहने स्थानको निर्धारण जिल्लास्तरीय कोरोना संकट व्यवस्थापन केन्द्रले गर्नेछ ।

४. स्थानीय तह अन्तर्गतको आइसोलेसन केन्द्रमा रहने संक्रमितहरु, खटिएका स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु र सरसफाइ गर्ने कर्मचारीहरुलाई बसोबास, खाना तथा खाजाको व्यवस्थाको सम्पूर्ण जिम्मेबारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

५. आइसोलेसन केन्द्रमा कोभिड-१९ का संक्रमण पुष्टि भएका तर प्रत्यक्ष लक्षण नदेखिएका व्यक्तिहरुलाई मात्र राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

गोपीकृष्ण खनाल
सचिव

६. संक्रमण पुष्टि भएका तर प्रत्यक्ष लक्षण नदेखिएका व्यक्तीहरुलाई आइसोलेसन केन्द्रमा ल्याउँदा र आवश्यकता अनुसार अन्यत्र प्रेषण गर्दा प्रोटोकल अनुसार एम्बुलेन्स मार्फत आवगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

७. हरेक आइसोलेसन केन्द्रलाई रेखदेख गर्न सम्बन्धित स्थानीय तहले नजिकको सरकारी अस्पताललाई सम्पर्क अस्पतालको रुपमा तोक्नुपर्नेछ र आइसोलेसन केन्द्रको प्राविधिक सुपरिवेक्षण सम्पर्क अस्पतालले गर्ने व्यवस्था गर्नुपर्नेछ ।

**(ग) सेल्फ-आइसोलेसनः** लक्षण नदेखिएका कोभिड १९ का संक्रमित व्यक्तीहरुलाई जोखिम संवेदनशिलताको विश्लेषण गरी परिवार तथा समाजमा थप संक्रमण फैलिनबाट रोकथामका उपायहरु अबलम्बन गर्ने गरी जिल्ला संकट व्यवस्थापन केन्द्र तथा सार्वजनिक पदमा रहेको पदाधिकारी वा कर्मचारीको हकमा सम्बन्धित मन्त्रालयले यस्ता व्यक्तीहरुलाई निजको इच्छा बमोजिम आफ्नै निवास, होटेल, होस्टेल, अस्पताल वा तोकिएको स्थानमा देहायका शर्तहरु पालना गर्ने गरी सेल्फ आइसोलेसनमा बस्ने अनुमति दिन सक्नेछ।

१. आइसोलेसनमा बस्दाको सम्पूर्ण दायित्व सम्बन्धित व्यक्तिको हुनेछ ।

२. आइसोलेसनमा प्रयोग हुने होटेल, होस्टेल वा निजी अस्पताललाई जिल्ला कोरोना संकट व्यवस्थापन केन्द्रले सूचीकृत गर्नु पर्नेछ। एउटै भवनमा कोरोना संक्रमित बाहेकका अन्य व्यक्तिलाई राख्न पाइने छैन ।यस्तो आइसोलेसनमा काम गर्ने कामदारहरुले मास्क, पञ्जा लगायतका स्वास्थ्य सामाग्रीहरु प्रयोग गर्नुपर्नेछ र त्यस्ता व्यक्तिले बारम्बार कम्तीमा २० सेकेन्डसम्म साबुन पानीले हात धुनुपर्नेछ ।

३. संक्रमित बस्ने कोठामा कोरोना संक्रमित बाहेकका अन्य व्यक्ति रहन पाउने छैनन् ।

४. संक्रमित बस्ने कोठा हावा खेल्ने तथा प्रकाश पर्याप्त आउने छुट्टै कोठा हुनुपर्नेछ।

५. आइसोलेसनमा रहँदा हावा आवतजावत हुने कोठामा बस्ने र अन्य व्यक्तिलाई उक्त कक्षमा प्रवेश गर्न दिनु हुँदैन ।

६. संक्रमित व्यक्तिले अलगै दैनिक उपयोगका सामग्री, शौचालय तथा स्नानगृह प्रयोग गर्नुपर्नेछ ।

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

७. आइसोलेसनमा रहने व्यक्तिले आइसोलेसनको अवधिभर अन्य व्यक्तिहरुसँग प्रत्यक्ष संसर्ग हुनेगरी नियमित काम, विद्यालय, सार्वजनिक क्षेत्र वा स्थानमा नगइ आफ्नो निवासमै बस्नुपर्नेछ ।

८. संक्रमित व्यक्तिले अत्यावश्यक र दैनिक उपयोगका सामग्री आवश्यक भएमा परिवार वा अन्य माध्यमबाट मगाउने र स्वास्थ्य सेवा लिन जानुपर्ने भएमा तोकिएको मापदण्डअनुसार एम्बुलेन्स र अन्य सुरक्षा उपायको प्रयोग गर्नुपर्नेछ ।

९. प्रत्यक्ष लक्षण नदेखिएका संक्रमित व्यक्तिहरुले कोरोना परीक्षण नेगेटिभ नआएसम्म आइसोलेसनमा बस्नुपर्नेछ ।

१०. आइसोलेसनमा बसेको व्यक्तिले एउटै भान्साकोठा वा अन्य व्यक्तिसँगै बसी खाना खानु हुँदैन ।

११. संक्रमितले खानपानको व्यवस्थामा विशेष सावधान अप्नाउनु पर्नेछ र पर्याप्त मात्रमा झोलिलो तथा पोषिलो खानेकुरा खानु पर्नेछ।

१२. आइसोलेसनमा बसेको व्यक्ति अलग्गै कोठामा एक्लै सुत्नु पर्नेछ र आफ्नो परिवारका सदस्यहरुसँगको सम्पर्क एकदमै कम हुने अवस्था बनाउने र भेट गर्नै पर्ने अवस्थामा कम्तीमा दुई मिटरको दूरी कायम गर्नुपर्नेछ ।

१३. आइसोलेसनमा रहेका व्यक्तिहरुलाई सहयोग गर्ने व्यक्तिहरुले मास्क, पञ्जा लगायतका स्वास्थ्य सामाग्रीहरु प्रयोग गर्नुपर्नेछ र त्यस्ता व्यक्तिले बारम्बार कम्तीमा २० सेकेन्डसम्म साबुन पानीले हात धुनुपर्नेछ ।

१४. आइसोलेसनमा रहने संक्रमित व्यक्तिले प्रयोग गरेर निस्किएको फोहरलाई संक्रमित व्यक्ति आफैंले राम्रोसँग प्याकिङ गर्ने र उक्त फोहरलाई सही र सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्नेछ ।

१५. संक्रमितको कम्तिमा ३ पटक ज्वरो जाँच गरी अभिलेख राख्नु पर्नेछ।

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

१६. यसरी आइसोलेसनमा रहने व्यक्तिको परिवारले स्वास्थ्यकर्मीको सेवाको प्रबन्ध गरी नीजको नियमित सम्पर्कमा रहनुपर्नेछ र कुनै जटिलता देखिएमा तुरुन्त अस्पताल लैजाने व्यवस्था गर्नुपर्नेछ ।

१७. आइसोलेसनमा भएको व्यक्तिको साथमा डिजिटल थर्मोमिटर हुनुपर्छ र स्वास्थ्यकर्मीको निर्देशन अनुसार समय समयमा तापक्रम मापन गरी रेकर्ड राख्नुपर्छ ।

१८. सार्वजनिक पदमा रहेको व्यक्ति कोभिड पोजिटिभ भएमा निजले स्वास्थ्यकर्मीसँग समन्वय गरी आफ्नै निवासमा सेल्फ आइसोलसेनमा बस्न सक्नेछ ।

१९. आइसोलेसनमा बस्ने व्यक्तिको एक एक हप्तामा नजिकको स्वास्थ्य कार्यालय वा अस्पताल मार्फत स्वाब संकलन गर्ने व्यवस्था अनुमति दिने निकायले मिलाउनु पर्नेछ ।

२०. सेल्फ आइसोलेसन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारबाट जारी गरिएको कोभिड १९ केशको आइसोलेसन व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७७ ले घरमा आइसोलेसन राख्ने सम्बन्धमा गरेको प्रावधान बमोजिम हुनेछ।

२१. लक्षण नदेखिएका कोभिड संक्रमित कर्मचारी वा पदाधिकारीले सम्बन्धित निकायको प्रमुखको अनुमतिमा स्वास्थ्यकर्मीको निगरानी हुने गरी आफ्नो निजी आवासमा वा होटेलमा वा प्रदेश सरकारले तोकिदिएको स्थानमा सेल्फ आइसोलेसनमा बस्न सक्नेछ।

२२. निम्न अवस्थाहरु देखिएमा निज वा निजको हेरचाहमा संलग्न व्यक्तिले तुरुन्तै सम्बन्धित स्वास्थ्यकर्मीलाई जानकारी दिनुपर्नेछ

- स्वासप्रस्वासमा कठिनाई भएमा,
- छाती दुख्ने वा भारी महशुस भएमा,
- ओठ तथा अनुहार निलो देखिएमा,
- होस हराएमा,
- अन्य कुनै जटिल अवस्था देखिएमा ।

२३. सम्बन्धित स्वास्थ्यकर्मीले हरेक दिन फोन वा एसएमएसबाट बिरामीको स्वास्थ्य अवस्थाको जानकारी लिने र आवश्यक परामर्श लिई अभिलेख व्यवस्थित गर्नुपर्नेछ ।

गोपीकृष्ण खनाल

५. <u>जिल्लास्तरीय तथा स्थानीय तहका आइसोलेसन केन्द्रले पालन गर्नुपर्ने मापदण्डहरुः</u> जिल्ला तथा स्थानीय तहमा सञ्चालन हुने आइसोलेसन केन्द्रले देहायका शर्त तथा मापदण्डहरु पुरा गरेको हुनुपर्नेछः

क. आधारभुत मापदण्डहरुः

१. आइसोलेसन केन्द्र रहने स्थान धुँवा, धुलो र ध्वनी प्रदूषणबाट मुक्त भएको ।

२. आइसोलेसन केन्द्र रहने स्थानसम्म सडक यातायातको पहुँच भएको ।

३. एम्बुलेन्स पार्किङका लागि पर्याप्त र उपयुक्त व्यवस्था भएको ।

४. जोखिमपूर्ण फोहर व्यवस्थापनका लागि आवश्यक पूर्वाधारको व्यवस्था मिलाएको ।

५. सजिलै बिरामी ल्याउन लैजान व्हिल चेयर/ट्रली, स्ट्रेचर र सहज आवागमनको लागि लिफ्ट वा र्‍याम्पको व्यवस्था भएको ।

६. चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा दिने व्यवस्था मिलाएको ।

७. आकस्मिक अवस्थामा प्रेषण गर्ने बिरामीको रेफरल प्रक्रिया तथा बिरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित गरेको ।

८. ड्युटीमा खटिएका स्वास्थ्यकर्मीबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने र उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैय्यामा कल बेल वा फोनको व्यवस्था भएको ।

९. नजिकको आयुर्वेद स्वास्थ्य संस्थाको समन्वयमा तनाब व्यवस्थापनका लागि योग, व्यायाम जस्ता रचनात्मक र मनोरञ्जनात्मक माध्यमबाट प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलब्ध भएको ।

१०. आकस्मिक सेवाका लागि आवश्यक औषधी तथा औषधिजन्य सामग्रीहरु साथै दीर्घ रोगीहरुले सेवन गर्ने नियमित औषधिको व्यवस्था भएको ।

११. आइसोलेसन केन्द्रले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने उचित प्रवन्ध मिलाइएको ।

१२. सार्वजनिक सञ्चार सेवाको व्यवस्था भएको ।

गोपीकृष्ण खनाल
सचिव

१३. आइसोलेसन केन्द्रमा प्रहरी, एम्बुलेन्स, दमकल जस्ता आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राखिएको ।

१४.बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा न्यूनतम मापदण्ड अनूरुप शुद्ध पानीको आपूर्ति भएको ।

१५.नियमित विद्युत आपूर्तिका साथै लोडसेडिङको समयमा विद्युत आपूर्ति गर्न ब्याकअप सिष्टम स्थापना गरेको ।

१६. आइसोलेसन केन्द्रमा एक बेड देखि अर्को बेडको दुरी कम्तीमा १.५ मिटरको भएको ।

१७. महिला, बृद्ध-बृद्धा, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि अलग्गै कोठाको व्यवस्था भएको ।

१८.आइसोलेसन केन्द्रको सम्पूर्ण क्षेत्र सधैं सफा राखेको र प्रति ६ बेडको लागि एक शौचालयको व्यवस्था भएको ।

१९. महिला तथा अपाङ्गता भएका व्यक्ति र केन्द्रमा खटिएका कर्मचारीका लागि अलग्गै शौचालय तथा स्नान गृहको व्यवस्था भएको ।

२०.शौचालयमा पर्याप्त पानी, साबुन सहितको ब्यवस्था भएको ।

२१. आइसोलेसन केन्द्रभित्र क्यान्टिनको व्यवस्था भएको र खाना खाने ठाउँ अलग्गै सफा र सुविधायुक्त भएको तथा क्यान्टिनमा खाजा तथा खानाको दर रेट सार्वजनिक भएको ।

२२. आइसोलेसन केन्द्रमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगाजन्य वस्तुहरु धुनको लागि लण्ड्रीको व्यवस्था भएको । साथै भर्ना भएका संक्रमितहरुलाई लुगा धुने सुविधा उपलब्धभएको ।

**ख. एम्बुलेन्स सञ्चालनः**

१. संक्रमितहरुको लागि अन्यत्र अस्पतालमा प्रेषण गर्नु परेमा २४ सै घण्टा एम्बुलेन्स उपलब्ध हुने व्यवस्था गरेको हुनुपर्नेछ ।

२. कोभिड- १९ का बिरामीलाई अस्पताल पुऱ्याउनको निम्ती तयार गरिएको निर्देशिका बमोजिम एम्वुलेन्स सेवा सञ्चालन गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

३. कोभिड-१९ को प्रकोपका बेलामा प्रयोग हुने "एम्बुलेन्सको सरसफाई तथा निःसङ्क्रमण सम्बन्धी मानक सञ्चालन कार्यबिधि" अनुसार एम्बुलेन्सको सरसफाई र निःसङ्क्रमण गर्ने व्यवस्था मिलाउनेछ ।

ग. सूचना व्यवस्थापनः

१. आइसोलेसन केन्द्रले तोकिएको ढाँचामा सम्बन्धित जिल्ला स्थित स्वास्थ्य कार्यालय र जिल्लास्तरीयकोरोना संकट व्यवस्थापन केन्द्रमा, स्वास्थ्य कार्यालयले स्वास्थ्य निर्देशनालयलाई इलेक्ट्रोनिक माध्ययमबाट समेत नियमित रिपोर्टिङ गर्नुपर्नेछ ।

२. आइसोलेसन केन्द्रले सम्बन्धित निकायमा अनुसूची १ र २ बमोजिमको सूचना र Case investigation form को अभिलेखन तथा प्रतिवेदन गर्नुपर्नेछ ।

घ. जनशक्ति सम्बन्धी मापदण्डः

१. जिल्ला स्थित आइसोलेसन केन्द्रमा आवश्यक पर्ने जनशक्ति जिल्ला स्थित सरकारी कार्यालयमा कार्यरत जनशक्तिबाट पूर्ति गर्नुपर्नेछ ।

२. मौजुदा स्वास्थ्यकर्मी अपुग भएमा प्रदेश सरकारलाई कुनै बित्तिय दायित्व नपर्ने गरी बैकल्पिक माध्यम जस्तैः निजी तथा सामुदायिक स्वास्थ्य संस्था, गैह्रसरकारी संस्थाहरु तथा अन्य निकायसँग समन्वय गरी व्यवस्थापन गर्न सकिनेछ ।

३. स्थानीय तहमा रहने आइसोलेसन केन्द्रको हकमा सम्बन्धित स्थानीय तहले आवश्यक जनशक्तिको व्यवस्था गर्नुपर्नेछ ।

४. आइसोलेसन केन्द्रमा यथासम्भव २४ घण्टा चिकित्सक तथा स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा उपचारको व्यवस्था मिलाएको हुनुपर्नेछ ।

५. आइसोलेसन केन्द्रमा कोभिड संक्रमितको उपचारको लागि १:५० को अनुपातमा नर्स-१ हेल्थ असिस्टेण्ट/अ.हे.ब.-१, तथा सफाई कर्मचारी-१ गरी ३ जना रहनेछन् । प्रतिदिन १ जना चिकित्सक बिहान-बेलुका तथा अनकलको व्यवस्था मिलाई बिरामीको फलोअप, प्रेषण तथा डिस्चार्जको व्यवस्थापन गर्नुपर्नेछ ।

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

६. नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम आवश्यकता अनुसारको स्वाब संकलन गरी स्वास्थ्य कार्यालयको समन्वयमा प्रयोगशालामा सुरक्षित तरिकाले पठाउनु पर्नेछ ।

७. आइसोलेसन केन्द्रमा स्वाब कलेक्सनको लागि आवश्यक जनशक्तिको व्यवस्था सम्बन्धित जिल्ला स्थित स्वास्थ्य कार्यालयले मिलाउनु पर्नेछ ।

ङ. **औजार, उपकरण तथा औषधीजन्य सामग्री सम्बन्धी मापदण्डः** औजार, उपकरण तथा औषधीजन्य सामग्री सम्बन्धी मापदण्ड अनुसूची ३ बमोजिम हुनेछ ।

६. <u>आइसोलेसन केन्द्रमा कोभिड-१९ संक्रमित व्यक्तिको व्यवस्थापनः</u>

१. आइसोलेसन केन्द्रमा भर्ना हुन् आएका कोभिड-१९ संक्रमित व्यक्तिलाई ड्युटीमा रहेका स्वास्थ्यकर्मीले अन्तर्वार्ता तथा सामान्य परिक्षणबाट स्क्रिनिङ गरि कोभिड-१९ को कुनै पनि लक्षण भए नभएको यकिन गरी लक्षण नदेखिएका व्यक्तिलाई मात्र आइसोलेसन केन्द्रमा भर्ना गर्नुपर्छ ।

२. प्रारम्भिक स्क्रिनिङ पछि यदि कोभिड-१९ संक्रमित व्यक्ति लाई मुटु रोग, श्वासप्रश्वास सम्बन्धी दीर्घ रोग, अर्बुद रोग, मधुमेह, मृगौला रोग (डाइलाइसिस गर्नुपर्ने), कमलपित्त, क्षयरोग, एच.आइ.भी. तथा अन्य कडा रोग लागेको पाईएमा नजिकको कोरोना विशेष आइसोलेसन अस्पतालमा बेड रिक्त भएको यकिन गरि स्पस्ट कारण खुलाई पठाउनु पर्नेछ।

३. कोभिड-१९ संक्रमित गर्भवती (तेसो त्रैमासिक), कुपोषित तथा बृद्ध-बृद्धालाई समेत नजिकको कोरोना आइसोलेसन अस्पतालमा बेडको यकिन गरि स्पस्ट कारण खुलाई पठाउनु पर्नेछ ।

४. ड्युटीमा रहेका चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीले दिनको २ पटक जोखिमको स्तर अनुसारको व्यक्तिगत सुरक्षा कवच प्रयोग गरि भर्ना भएका कोभिड-१९ संक्रमित व्यक्ति सँगको दुरी कायम गरि अन्तर्वार्ता लिनु पर्नेछ र सोको नियमित रिपोर्ट सम्बन्धित सम्पर्क अस्पतालमा गर्नुपर्नेछ। आवश्यकता परेमा पुर्ण व्यक्तिगत सुरक्षा कवच (Category-I) प्रयोग गरी बिरामीको अन्य परिक्षण समेत गर्नुपर्नेछ ।

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

५. कोभिड-१९ संक्रमित व्यक्तिको अन्य सामान्य रोगहरुको उपचार समेत आइसोलेसन केन्द्रबाट नै गर्नको लागि अत्यावश्यक औषधिको व्यवस्था गर्नुपर्नेछ ।

६. आइसोलेसन केन्द्रमा सम्पर्क अस्पताल बाट एक जना अनुभवी चिकित्सकबाट नियमित अनुगमन तथा अनसाइट कोचिंगको व्यवस्था मिलाउनु पर्नेछ ।

७. <u>डिस्चार्ज सम्बन्धी व्यवस्था:</u>

१. आइसोलेसन केन्द्रमा रहेका व्यक्तिहरुलाई लक्षण तथा चिन्हहरू नेदेखिएको केशको हकमा आइसोसेनमा बसेको १४ दिन पछि डिस्चार्ज गर्नु पर्नेछ। यसरी आइसोलेसन केन्द्रबाट डिस्चार्ज गर्दा सोको सूचनाको अद्यावधिक अभिलेख राखी सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीले प्रमाणीकरण गर्नु पर्नेछ।

२. आइसोलेसन केन्द्रबाट डिस्चार्ज भएका व्यक्तीहरु आफ्नो निवासमा फर्केपछि पनि कम्तीमा ७ दिन सम्म सेल्फ आइसोलेसनमा बस्नुपर्नेछ ।

३. डिस्चार्ज भई घरमा सेल्फ आइसोलेसनमा बस्ने व्यक्तीहरुलाई आइसोलेसन केन्द्रले टेलिफोन वा अन्य माध्ययमबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. <u>प्रदेशसँगको समन्वय:</u>

क. सामजिक विकास मन्त्रालय अन्तर्गतको स्वास्थ्य निर्देशनालयले आइसोलेसन केन्द्रको सम्बन्धमा सम्पर्क बिन्दुको रुपमा काम गर्नेछ ।

ख. सम्पर्क विन्दुले आइसोलेसन केन्द्रको बारेमा हरेक दिन अनुसूचि-१ र २ बमोजिमका विवरण संकलन गरी त्यस्तो स्वीकृत विवरण सामाजिक विकास मन्त्रालयमा उपलब्ध गराउनेछ ।

ग. आइसोलेसन केन्द्रको सहजीकरणको लागि सम्पर्क बिन्दुले टेलिफोनको व्यवस्था गरेको हुनु पर्नेछ।

घ. आइसोलेसन केन्द्रबाट भए गरेका कामको नियमित अनुगमन, यसको प्राविधिक सहजीकरण, केन्द्रले माग गरको रकमको सिफारिस तथा यसको समन्वयका लागि प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक संयोजक; प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्रका निर्देशक, सदस्य; मुख्य मन्त्री तथा मन्त्रीपरिषद कार्यालयका उप-सचिव, सदस्य; आन्तरिक मामिला

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

तथा कानून मन्त्रालयका उप-सचिव , सदस्य; र सामाजिक विकास मन्त्रालयका स्वास्थ्य हेर्ने महाशाखा प्रमुख सदस्य रहने गरी एक आइसोलेसन केन्द्र सहजीकरण तथा अनुगमन समिति रहनेछ ।

९. आइसोलेसन केन्द्र राख्न सकिने भवनहरू:

क. सरकारी भवनहरू

ख. सार्वजनिक भवनहरू

ग. निजी तथा सामुदायिक अस्पतालले निःशुल्क उपलब्ध गराएका भवनहरू

घ. सरकारी स्वामित्वमा रहेका सार्वजनिक विद्यालय तथा विश्व विद्यालयका भवनहरू

ङ. सार्वजनिक संस्थानका भवनहरू

च. निजी तथा सामुदायिक संघ संस्थाले निःशूल्क उपलब्ध गराएका भवनहरू

छ. स्थानीय तह वा जिल्ला संकट व्यवस्थापन केन्द्रले तोकेका अन्य भवनहरु

१०. विविध

(क) यस मापदण्डमा उल्लेखित प्रावधानको प्रतिकूल नहुने गरी जिल्ला संकट व्यवस्थापन केन्द्रले प्रदेश सरकारलाई वित्तीय भार नपर्ने गरी कोभिडको-१९ को पुष्टी भएको तर लक्षण वा चिन्ह नदेखिएको बिरामीको व्यवस्थापनका लागि विस्तृत कार्य प्रक्रिया निर्धारण गर्न सक्नेछ।

(ख) आइसोलसेन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारबाट स्वीकृत कोभिड-१९ केशको आइसोलेसन व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७७ बमोजिम हुनेछ।

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल

अनुसुची-१

## आइसोलेसन केन्द्रमा रहेका संक्रमित व्यक्तिहरुको विवरण

आइसोलेसन केन्द्रको नामः जिल्लाः

सम्पर्क व्यक्तिः उ.म.पा/न.पा/गा.पाः

| क्रम संख्या | संक्रमितको नाम, थर र ठेगाना | संक्रमितको फोन नं | निदान भएको मिति | भर्ना भएको मिति | नतिजा | | | डिस्चार्ज भएको मिति | प्रदान गरिएको स्वास्थ्य सेवाको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | निको भएको | रिफर भएको स्थान | मृत्यु भएको | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्नेः रुजु गर्नेः सदर गर्नेः

दस्तखतः दस्तखतः दस्तखतः

गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल नेपाल

अनुसुची-२

## आइसोलेसन केन्द्रमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीको विवरण

आइसोलेसन केन्द्रको नामः जिल्लाः

सम्पर्क व्यक्तिः उ.म.पा/न.पा/गा.पाः

| क्रम संख्या | नाम, थर र ठेगाना | पद | सम्पर्क नं. | कार्यालय/ संस्था | खटिएको मिति | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म | जम्मा दिन |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्नेको नामः तयार गर्नेको नामः तयार गर्नेको नामः

दस्तखतः दस्तखतः दस्तखतः

गोपीकृष्ण खनाल

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

अनुसुची-३

## औजार, उपकरण तथा औषधीजन्य सामग्री सम्बन्धी मापदण्ड

| क्र.स. | उपकरणको विवरण | इकाई | परिणाम |
|---|---|---|---|
| १. | बेड | प्रति व्यक्ती | १ |
| २. | म्याट्रेस | प्रति बेड | १ |
| ३. | सिरानी | प्रति बेड | १ |
| ४. | तन्ना | प्रति बेड | २ |
| ५. | सिरानी कभर | प्रति बेड | २ |
| ६. | ब्ल्याङकेट | प्रति बेड | १ |
| ७. | बेड साइड लकर | प्रति व्यक्ती | १ |
| ८. | आइ.भि. स्टयाण्ड | प्रति बेड | १ |
| ९. | फुट स्टेप | प्रति १० बेड | १ |
| १०. | बेड स्क्रिन/ पर्दा | प्रति बेड | १ |
| ११. | डिस्पोजेबल कन्टेनर | प्रति बेड | १ |
| १२. | बि.पि सेट | - | आवश्यकता अनुसार |
| १३. | तौल लिने मेशिन | वटा | आवश्यकता अनुसार |
| १४. | आइ.आर. थर्मोमिटर | वटा | आवश्यकता अनुसार |
| १५. | हाते (डिजिटल) थर्मोमिटर | प्रति व्यक्ती | १ |
| १६. | हाइजिन किट | प्रति व्यक्ती | १(उपलब्ध भएमा) |
| १७. | रङ्ग अनुसारका फोहर फाल्ने बाल्टीन | | आवश्यकता अनुसार |
| १८. | व्यक्तिगत सुरक्षा कवच (PPE Cat- I, II & III) | सेट | जोखिम बिश्लेषण गरी आवश्यकता अनुसार |
| १९. | N95 मास्क | वटा | आवश्यकता अनुसार |



गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

| क्र.स. | उपकरणको विवरण | इकाई | परिणाम |
|---|---|---|---|
| २०. | मे./स. मास्क | वटा | आवश्यकता अनुसार |
| २१. | पञ्जा | जोर | आवश्यकता अनुसार |
| २२. | स्यानिटाइजर | लिटर | आवश्यकता अनुसार |
| २३. | साबुन (Liquid Soap) | - | आवश्यकता अनुसार |
| २४. | डिसइन्फेक्टेन्ट सोलुशन | - | आवश्यकता अनुसार |
| २५. | आकस्मिक औषधिहरु | - | आवश्यकता अनुसार |
| २६. | एम्बु ब्याग | वटा | आवश्यकता अनुसार |
| २७. | अक्सिजन सिलिण्डर | वटा | आवश्यकता अनुसार |
| २८. | Pulse oximeter | वटा | आवश्यकता अनुसार |
| २९. | Life Saving Drugs (Adrenaline, Hydrocortisone, Dexamethasone) | - | आवश्यकता अनुसार |
| ३०. | IV Set Cannula | सेट | आवश्यकता अनुसार |
| ३१. | N/S, DNS, RL | बोतल | आवश्यकता अनुसार |
| ३२. | अन्य | - | आवश्यकता अनुसार |

गोपीकृष्ण खनाल
सचिव